नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेड
**NEPAL COMMUNITY Development Bank Ltd.** *Banking with Excellence*
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतप्राप्त संस्था (३ जिल्ला कार्यक्षेत्र भएको)

बुटवल–८, रुपन्देही, नेपाल, फोन नं. : ०७१–५४१८१७, ५४१८१८ फ्याक्स नं. ०७१–५४१८१९
E-mail: info@ncdbank.com, web:www.ncdbank.com

को

# शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्नेबारे सूचना

**शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मिति : २०७३/४/२०**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७३/४/२७**

श्री नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेडको हकप्रद शेयरहरु मिति २०७३/१/३० देखि २०७३/३/१ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७२ को निर्देशन तथा धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा ७ को उपदफा (८) समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७३ साल श्रावण २७ गते** भित्र बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ वा बैंकको केन्द्रीय कार्यालय बुटवल–८, रुपन्देहीमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

| | | |
|---|---|---|
| (क) संस्थापक शेयर | : | ९५,००० कित्ता |
| (ख) सर्वसाधारण शेयर | : | ३७,३०१ कित्ता |
| कुल जम्मा | : | १,३२,३०१ कित्ता |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बैंकको केन्द्रीय कार्यालय बुटवल–८, रुपन्देही वा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।
४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।
५. शिलबन्दी खाम बाहिर साधारण तर्फको शेयरको लागि आवेदन गर्दा "नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंकको साधारण शेयर खरीद आवेदन", तथा संस्थापक तर्फको शेयरको लागि आवेदन गर्दा "नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंकको संस्थापक शेयर खरीद आवेदन" उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
६. संस्थापक समूहको शेयर खरिद गर्न चाहने आवेदकहरु नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानून बमोजिम बैंक तथा वित्तीय संस्थाको संस्थापक हुन योग्य रहेको हुन पर्नेछ ।
७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौमा रहेको खाता नं.K–६१४०७१-CL मा नगदै जम्मा गरि सो को सक्कल भौचर संलग्न गरि शिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ ।
८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । शेयर बाँडफाँड गर्दा सबैभन्दा बढी बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरि बाँडफाँडमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँड गरि समायोजन गरिनेछ । शेयर बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।
९. बैंकका साविकका शेयरधनीहरुले आवेदन गरेमा आफ्नो शेयरधनी नम्बर उल्लेख गर्नु पर्नेछ ।
१०. बोलपत्रवालाले एक भन्दा बढी बोलपत्र पेश गर्न पाइने छैन । बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
११. शेयरको आवेदन मिति २०७३/४/२७ गते कार्यालय समयभित्र श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं वा नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड, बुटवल–८, रुपन्देहीमा दर्ता भई सक्नु पर्नेछ ।
१२. बोलपत्र मिति २०७३/४/२८ गते अपरान्ह १:०० बजे एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह १:०० बजे खोलिनेछ ।
१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१४. निवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ । निवेदक ब्यक्ति भएको खण्डमा नागरिकता प्रमाणपत्र को प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको धरौटी वापत जम्मा गरिएको रकम बोलपत्र खोली शेयर बाँडफाँड भएको दिनको सातौं दिनदेखि एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंबाट एकाउन्टपेयी चेक मार्फत फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने ब्यहोरा पनि जानकारी गराइन्छ ।
१६. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी सम्बन्धित बोलपत्रवालालाई लिखित रुपमा जानकारी गराईने छ ।

**बिक्री प्रबन्धकः**


**NIBL CAPITAL**
**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com